# राजस्व न्यायाधिकरण काठमाडौ
## इजलास
## माननीय अध्यक्ष श्री किशोर सिलवाल
## राजस्व सदस्य श्री जीवन कुमार घिमिरे
## लेखा सदस्य श्री डम्बर बहादुर कार्की
## फैसला

२०७५।०७६ सालको निर्णय नं. १४०
पुनरावेदन नं. ९७-०७५-RB-००७०

भक्तपुर जि. भक्तपुर औद्योगिक क्षेत्र व्यासिटोल स्थित बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. (स्थायी लेखा नं. ३०००४४९७१) को तर्फबाट ऐ का अधिकार प्राप्त कन्ट्री मेनेजर सैवाल घोष.......................................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व कार्यालय, भक्तपुर.................................................................. १ } प्रत्यर्थी

**<u>मुद्दाः- अन्तःशुल्क (२०६९/०७०) ।</u>**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :विद्वान अधिवक्ताद्धय श्री मन्जु बुढाथोकी
श्री सुरज श्रेष्ठ

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजिर : ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व कार्यालय, भक्तपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री उत्तम भक्त वाग्ले
शुरु कर निर्धारण मिति : २०७१।०१।२४

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०३।२६

आन्तरिक राजस्व कार्यालय, भक्तपुरको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा दफा ६ (१) र अन्तःशुल्क ऐन २०५८ को दफा १९(१) बमोजिम पर्न आएको यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. रंग रोगनका सामान उत्पादन तथा विक्री वितरणको कारोबार गर्ने प्रस्तुत पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आर्थिक बर्ष २०६९ श्रावण देखि २०७० असार सम्मको मिति २०७०।१२।२४ को स्वीकृत प्रतिवेदनको आधारमा अन्तः शुल्क ऐन २०५८ दफा १०घ को उपदफा १ को देअय खण्ड (ख) अनुसार अन्तःशुल्क निर्धारण गरी सोही अन्तःशुल्क नियमावली २०५९ को नियम ६क को उपनियम १ बमोजिम १५ दिनको म्याद दिई अन्तःशुल्क, विलम्ब शुल्क र जरिवाना समेत रू. ३००५६१३।- प्रारम्भिक अन्तःशुल्क निर्धारण आदेश मिति २०७०।१२।२४ मा जारी भएको रहेछ ।

२. आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति २०७०।१२।२४ मा जारी भएको सूचना करदाताले मिति २०७०।१२।२७ मा बुझी लिएको ।

३. करदाताले मिति २०७०।१२।२७ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७१।१।०९ मा पेश गरेको ।

४. विपक्षी कार्यालयबाट अन्तः शुल्क नियमावली २०५९ को नियम ६क को उपनियम (१) को प्रयोजनको लागि मिति २०७०।१२।२४ मा जारी गरिएको अन्तः शुल्क निर्धारण आदेश मनासिव नै भएको पाइएकोले सोही आधारमा अन्तः शुल्क नियमावली २०५९ को नियम ६क को उपनियम २ बमोजिम अन्तिम अन्तः शुल्क निर्धारण आदेश जारी गर्ने भन्ने समेत व्यहोराको आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट मिति २०७१।०१।२४ मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, भक्तपुरले मिति २०७१/०१/२४ मा जारी गरेको आ.व. २०६९/०७० को अन्तःशुल्क तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०३/२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. निवेदकले दावी गरेझैं उक्त व्याकिङ सामग्रीमा तिरेको अन्तः शुल्क तिर्नु पर्ने अन्तः शुल्कमा मिलान गर्न पाउने नपाउने तर्फ विचार गर्दा अन्तः शुल्क ऐन २०५८ को दफा ३क.को उपदफा(३) ले अन्तः शुल्क लाग्ने बस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तः शुल्क तयारी बस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तः शुल्कमा कट्टा गर्न पाइनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । अन्तः शुल्क तर्फ खरीदमा तिरेको अन्तः शुल्क कट्टि गर्न पाउने व्यवस्था उपरोक्त बाहेक अन्तः शुल्क ऐन २०५८ को दफा ३क. को उपदफा (३) ले अन्तः शुल्क लाग्ने बस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तः शुल्क तयारी बस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तः शुल्कमा कट्टा गर्न पाइनेछ भन्ने व्यवस्था रहेको हुँदा कच्चा पदार्थ बाहेक उत्पादनको क्रममा आवश्यक पर्ने सहायक बस्तुहरु, प्याकिङ्ग सामग्रीहरु लगायतका अन्य बस्तुको खरीदमा तिरेको अन्तः शुल्क तिर्नुपर्ने अन्तः शुल्क कट्टा गर्न नपाइने स्पष्ट छ । यस अवस्थामा प्याकिङ्ग सामग्रीमा तिरेको अन्तः शुल्क आफूले तिर्नुपर्ने अन्तः शुल्कमा कट्टा गर्न पाउनु पर्ने निवेदकको जिकिर कानून र तथ्य विपरितको देखियो । तसर्थ, निवेदकको निवेदन जिकिर पुग्न नसक्ने देखिंदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०३/२६ मा भएको निर्णय ।

७. उल्लेख गरिएको विभिन्न आधार बुँदाबाट प्रत्यर्थी कार्यालयबाट अन्तः शुल्क ऐन, नियमको मर्म र मनशाय विपरित मिति २०७१।१।२४ मा जारी गर्नु भएको अन्तिम अन्तः शुल्क निर्धारण आदेश तथा निर्णय पर्चा तथा सोलाई सदर गर्ने विभागको मिति २०७५।३।२६ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको करदाताको तर्फबाट मिति २०७५।०५।२४ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१२/३/१ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

१०. पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्सन नेपाल प्रा.लि. को तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री मन्जु बुढाथोकी र श्री सुरज श्रेष्ठले विपक्षी

कार्यालयबाट अन्तः शुल्क ऐन, २०५८ को दफा ३क(३) बमोजिम व्यापारिक प्रयोजनका लागि अन्तः शुल्क लाग्ने बस्तु वा सेवाको खरिदमा वा पैठारीमा तिरेको अन्तः शुल्क कट्टा गर्न पाउने व्यवस्था छ । सो व्यवस्था बमोजिम अन्तः शुल्क कट्टा गरिएकोमा अन्तः शुल्क नै कट्टा गर्न नपाउने भनी अन्तः शुल्क ऐनको कानूनी प्रावधान विपरित अन्तः शुल्क कट्टा गर्न नपाउने र ऐनको मनसाय विपरित विलम्ब दस्तुर एवं जरिवाना निर्धारण गर्ने गरी भएको मिति २०७१।१।२४ को आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको मिति २०७५।३।२६ को निर्णय बदर गरिनु पर्दछ्छ भनी गर्नु भएको बहस समेत सुनियो ।

११. त्यसै गरी प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकिल कार्यालय काठमाडौं तर्फबाट उपस्थित हुनु भएका शाखा अधिकृत श्री नगेन्द्र लम्सालले अन्तः शुल्क ऐन २०५८ को दफा ३क(३) को प्रावधान विपरित प्याकिङ्ग मेटेरियल्समा तिरेको अन्तः शुल्क फिर्ता पाउने प्रावधान नै छैन । कानूनी प्रावधान विपरित अन्तः शुल्क कट्टा गर्न पाउनु पर्दछ भन्ने पुनरावेदनको पुनरावेदन जिकिर कानून सम्मत छैन । अन्तः शुल्क ऐनको कानूनी प्रावधान विपरित अन्तः शुल्क कट्टाको दावी गरिएको हुँदा सो कट्टा गर्न नपाउने गरी शुरु कार्यालय र विगभाबाट भएको निर्णय मनासिव हुँदा सदर गरिनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनियो ।

१२. पुनरावेदक कम्पनीको तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा विपक्षी कार्यालयबाट भएको कर निर्धारण आदेश कानून सम्मत छ, छैन र पुनरावेदक कम्पनीको पुनरावेदन जिकिर बमोजिम हुने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१३. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक बर्जर जोन्सन एण्ड निकोल्स नेपाल प्रा.लि. को अन्तः शुल्क ऐन २०५८ को दफा ३क(३) को कानूनी प्रावधान बमोजिम कच्चा पदार्थमा तिरेको अन्तः शुल्क तयारी बस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तः शुल्कमा कट्टा गर्न पाउने व्यवस्था भएकोमा सो व्यवस्था बमोजिम कट्टा गरिएको अन्तः शुल्क कट्टा गर्न नपाउने र विलम्ब दस्तुर तथा जरिवाना समेत निर्धारण गरेको कानून सम्मत छैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, पुनरावेदक रंग उत्पादन गर्ने कम्पनी भएको र सो कम्पनीले रंग उत्पादन (तयार) गर्न आवश्यक पर्ने कच्चा पदार्थको खरिदमा तिरेको अन्तः शुल्क कट्टा गर्न पाउनेमा विवाद देखिदैन । कुनै पनि बस्तु उत्पादनमा प्रयोग हुने सामग्रीलाई कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग सामग्री

भनि वर्गिकरण गर्नु र त्यसलाई कानूनी रुपमा स्वीकार गर्नु भनेको यि सबैको महत्व फरक छ र सुविधा दिंदा समेत फरक रहन पर्छ भन्ने मान्यतामा आधारित हो भन्ने मान्नु पर्ने देखिन्छ । रंग उत्पादन प्रक्रियामा प्रयोग हुने सबै सामग्रीलाई कच्चा पदार्थ मान्ने हो भने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग सामग्री भनी वर्गिकरण गरिरहन पर्ने थिएन । तर सो कम्पनीले रंग तयार (उत्पादन) गर्न आवश्यक पर्ने सहायक बस्तु प्याकिङ्ग सामाग्री खरिदमा तिरेको अन्तः शुल्क कट्टा गरेको पाइन्छ ।

१४. कुनै पनि बस्तुको उत्पादनमा खपत हुने मूल कच्चा पदार्थबाट मात्रै तयारी बस्तु उत्पादन भएको हुन्छ सहायक कच्चा पदार्थले त्यसको गुण र विशेषतामा थप प्रभावकारिता ल्याउँछ भने Packing Materials ले केवल विक्री वितरणमा सहजता ल्याउने र विक्री कार्यमा प्रवर्द्धनकारी भूमिका सम्म निर्वाह गरिन्छ यस अर्थमा भन्नु पर्दा उत्पादन प्रक्रियामा प्याकिङ्ग सामग्री र कच्चा पदार्थको फरक फरक उपादेयता र प्रयोग रहने देखिएकोले प्याकिङ्ग सामग्रीलाई कच्चा पदार्थकै हैसियतमा सुविधा प्रदान गर्ने गराउने कार्य अन्तः शुल्क ऐन २०५८ को दफा ३क(३) को मर्म विपरित हुन जाने देखियो । विद्यमान कानूनमा कच्चा पदार्थ बाहेकका सहायक बस्तु तथा सामाग्रीमा तिरेको अन्तः शुल्क कट्टा गर्न पाउने कानूनी प्रावधान रहे भएको पनि देखिँदैन । यसरी सम्बद्ध कानूनमा प्रष्टसँग उल्लेख नै नभएको अवस्थामा प्याकिङ्ग सामाग्रीमा तिरेको अन्तः शुल्क कट्टा गर्न पाउनु पर्दछ भन्ने पुनरावेदन जिकिर कानून सम्मत रहे भएको भनी मान्न मिलेन । पुनरावेदक कम्पनीले अन्तः शुल्क कट्टाको दावी गरेको सामाग्रीमा समेत अन्तः शुल्क कट्टा गर्न पाउने भन्ने सबुत प्रमाण पेश गरी प्रमाणित गर्न सकेको अवस्था समेत नहुँदा सहायक सामाग्री प्याकिङ्ग मेटेरियल्समा तिरेको अन्तः शुल्क कट्टाको दावी नपुग्ने भनी सो सामाग्रीको अन्तः शुल्क कट्टा रकममा विलम्ब शुल्क जरिवाना समेत गर्ने गरी अन्तः शुल्क निर्धारण सम्बन्धमा शुरु कार्यालय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयलाई अन्यथा गर्नुपर्ने देखिन आएन ।

१५. अतः स्थायी लेखा नं. ३०००४४९७१ भएका पुनरावेदक करदाता बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. को आ.व. २०६९।०७० को अन्तःशुल्क निर्धारणका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, भक्तपुरको मिति २०७१।०१।२४ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५।३।२६ मा भएको निर्णय मिलेको देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१६. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

१७. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

जीवनकुमार घिमिरे
(राजश्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री लेख बहादुर कोइराला

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७६ साल जेठ २८ गतेरोज ३ शुभम......